# इलाका प्रशासन कार्यालय लमही, दाङ ।

## नागरिक वडापत्र

| क्र. सं. | सेवा सुविधाको विवरण | आवश्यक पर्ने कागजात/प्रमाणहरु | सेवा प्राप्त गर्न लाग्ने | | जिम्मेवार कर्मचारी, शाखा/इकाई | गुनासो सुन्ने अधिकारी | कै. |
|---|---|---|---|---|---|---|---|
| | | | समय | शुल्क | | | |
| १. | **नागरिकता** | | | | | | |
| १.१ | बंशजको आधारमा नेपाली नागरिकता | • अनुसुची १ फाराम सहित स्थानीय तहको सिफारिस ।<br>• बाबुको र आमाको ना.प्र.प., सो नभए दाजु वा बंशज खुल्ने निजको नातेदारको ना.प्र.प., सोको नाता प्रमाणितको फोटोकपी वा बंशज खुल्ने अन्य प्रमाण र सनाखत ।<br>• विवाहित महिलाको हकमा पतिको ना.प्र.प., माइतीतर्फको बंशज खुल्ने ना.प्र.प., विवाहदर्ता प्रमाणपत्र र सनाखत।<br>• जन्म दर्ता, जन्म मिति खुल्ने शैक्षिक प्रमाण पत्र तथा नाबालिक परिचयपत्र लिएको भएमा सो समेत ।<br>• बसाईसराई गरी आउनेहरुको हकमा बसाईसराई प्रमाणपत्र ।<br>• हालसालै खिचिएको दुबै कान र अनुहार प्रष्ट देखिने फोटो २ प्रति । | प्रमाण पुगेको भए सोही दिन | रु.१० को टिकट | सम्बन्धित फाँटको फाँट प्रमुख | कार्यालय प्रमुख | |
| १.२ | बैवाहिक अंगिकृत नागरिकता | • अनुसुची ७ फाराम सहित स्थानीय तहको सिफारिस ।<br>• पतिको ना.प्र.प. र विवाह दर्ता प्रमाण पत्र ।<br>• विदेशी नागरिकता परित्याग गर्न कारवाही चलाएको प्रमाण ।<br>• पतिको सनाखत, पति नभए एकाघरका ससुरा, सासु, जेठाजु, देवरको सनाखत निजहरुको, ना.प्र.प. र नाता प्रमाणित ।<br>• फोटो २ प्रति । | प्रमाण पुगेको भए सोही दिन | " | " | " | |
| १.३ | कर्मचारी परिवारको नागरिकता (सरकारी, संस्थान र सामुदायिक विद्यालय) | • कर्मचारी भएको प्रमाण।<br>• स्थानीय तहको सिफारिस सहितको अनुसुची-१ फारम - २ प्रति ।<br>• सम्बन्धित कार्यालयको सिफारिस पत्र ।<br>• जन्ममिति खुल्ने शैक्षिक प्रमाणपत्र, जन्मदर्ता, नावालिक परिचयपत्र ।<br>• विवाहित महिलाको हकमा पतिको नागरिकता र विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि । | प्रमाण पुगेको भए सोही दिन | " | " | " | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • फोटो २ प्रति ।<br>• बाबु/आमा वा पतिको ना.प्र.प. सहित सनाखत । | | | | | |
| १.४ | नेपाली नागरिकताको प्रतिलिपी | • तोकिएको ढाँचा बमोजिम स्थानीय तहको सिफारिस ।<br>• ना.प्र.प. नम्बर वा जारी मिति खुलेको प्रमाण ।<br>• बसाई सरी आएको भए बसाई सराई/लाल पुर्जा, घरकर रसिद, बिजुली बिल, पानीको बिल ।<br>• अन्य जिल्लाबाट ना.प्र.प. लिएकाको हकमा अभिलेख भिडेको प्रमाण ।<br>• पतिको नाम कायम गरी प्रतिलिपि लिनका लागि पतिको नागरिकता, विवाहदर्ता, अन्य जिल्लाको नागरिकता भए अभिलेख भिडेको प्रमाण सहित पतिको सनाखत।<br>• पति/पत्नीको नामथर हटाएर प्रतिलिपि लिन सम्बन्धविच्छेदको अदालतको फैसला/मिलापत्र, स्थानीय तहमा दर्ता भएको सम्बन्धविच्छेदको दर्ता प्रमाणपत्र ।<br>• पतिको नाम हटाउँदा माइतितर्फ एकाघरको सनाखत आवस्यक पर्ने । | " | रु.२० को टिकट | " | " | |
| २. | राहदानी | | | | | | |
| २.१ | साधारण विद्युतीय राहदानी | • रीतपूर्वक भरिएको बारकोड सहितको राहदानी फाराम ।<br>• नेपाली नागरिकताको प्रमाणपत्र सक्कल (नागरिकता प्रमाणपत्र अभिलेख भिडेको हुनुपर्ने) ।<br>• नावालिकको हकमा नावालिक परिचयपत्र ।<br>• पहिले राहदानी लिएको भए सोको सक्कल ।<br>• नागरिकता प्राप्त व्यक्तिको हकमा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बर खुल्ने प्रमाण ।<br>• अन्य जिल्लाबाट बसाईसरी आउनेको हकमा बसाईसराई प्रमाणपत्र तथा विवाह गरी आउनेको हकमा विवाहदर्ता प्रमाणपत्र ।<br>• कर्मचारी परिवारको हकमा सम्बन्धित कार्यालयको सिफारिस पत्र ।<br>• निवेदक स्वयं उपस्थित भई जैविक विवरण (Bio-matric) भरेको हुनुपर्नेछ । | " | रु.५००० तिरेको बैंक भौचर १० वर्ष मुनिका नाबालिक को हकमा रु. २५०० | " | " | |
| २.२ | हराएको राहदानी पुनः प्राप्ति | • साधारण राहदानीको लागि २.१ मा उल्लिखित कागजातहरु ।<br>• साविकको राहदानीको प्रतिलिपि । | " | रु.१०००० तिरेको | " | " | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | • विदेशमा राहदानी हराएको हकमा ट्राभल डकुमेन्ट । | | बैंक भौचर | | | |
| ३. | नावालक परिचयपत्र | • निवेदन।<br>• स्थानीय तहको फोटो प्रमाणित सहित किटानी सिफारिस।<br>• बाबु/आमाको ना.प्र.प. ।<br>• जन्मदर्ता प्रमाणपत्र ।<br>• विदेशमा जन्म भएको भए बाबु आमाको राहदानी, ट्राभल डकुमेन्ट, Birth Certificate, विवाह दर्ता प्रमाणपत्र , स्वयं बाबु वा आमा उपस्थित नभएमा एकाघरको अन्य व्यक्तिले सनाखत गर्दा सो व्यहोरा खुलेको स्थानीय तहको सिफारिस र नाता प्रमाणित प्रमाणपत्र ।<br>• शैक्षिक योग्यताको प्रमाणपत्र ।<br>• फोटो ५ प्रति । | " | रु.१० को टिकट | " | " | |
| ४. | आदिवासी जनजाति/दलित/मधेशी प्रमाणित | • निवेदन।<br>• सम्बन्धित स्थानीय तहको सिफारिस।<br>• नेपाली ना.प्र.प. ।<br>• स्थायी ठेगाना बाहिर भएकाको हकमा बसाइसराइ दर्ता प्रमाणपत्र ।<br>• कर्मचारी परिवारको हकमा सम्बन्धित सरकारी कार्यालयको सिफारिस पत्र । | " | " | " | " | |
| ५. | नाम थर, जन्ममिति प्रमाणित | • निवेदन पत्र र ना.प्र.प. ।<br>• विवरण फरक पर्न गएको प्रमाण कागज ।<br>• स्थानीय तहको किटानी सिफारिस।<br>• आवश्यकताअनुसार प्रहरी प्रतिवेदन । | " | " | " | " | |
| ६. | शान्ति सुरक्षाको निवेदन | • व्यहोरा खुलेको निवेदन , परिचय खुल्ने प्रमाण, निवेदनको व्यहोरा पुष्टि हुने कागज। | " | " | " | " | |
| ७. | जनसरोकारका गुनासो वा ठाडो उजुरी | • व्यहोरा खुलेको निवेदन, परिचय खुल्ने प्रमाण, व्यहोरा पुष्टि हुने कागज । | " | " | " | " | |